# महाबु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### रोजगार सेवा केन्द्र
गैडावाज, दैलेख कर्णाली प्रदेश,

नेपाल

पत्र संख्या:२०८२/८३ Email:ito.mahaburmun@gmail.com
चलानी नम्बर: १४६० Mobile: 9858074603


मिति:२०८३/०१/२४

श्री वडा कार्यालयहरु सबै ,
महाबु गाउँपालिका दैलेख ।

विषय : आयोजना माग सम्बन्धमा।

प्रस्तुत बिषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बिरेन्द्रनगर सुर्खेतको चलानी नम्बर ३०१० को मिति २०८३/०१/२२ गतेको पत्र बमोजिम आगामी आर्थिक बर्ष २०८३/८४ को लागि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालनको लागि प्रति वडा १ वटा आयोजना (१५,००,०००/- पन्ध्र लाखको सिमा भित्र) माग भई आएकोले सम्पूर्ण वडाहरुले मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८२, बमोजिम २०८३/०१/३१ गते भित्र वडा कार्यसमितिको निर्णय सहित सिफारिस गरि पठाइदिनु हुन अनुरोध छ।

रविन्द्र बहादुर शाही
रोजगार संयोजक

खगेन्द्र कुमार बि.सी.
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ : श्री सुचना प्रबिधि शाखा, गाउँपालिकाको वेबसाईट र फेसबुक पेजमा अपलोड गरि वडा कार्यालयहरुको इमेलमा पठाइदिनु हुन ।

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८२/०८३ (योजना)      चलानी नम्बर :

५. आयोजना सिफारिस गर्दा देहाय अनुसार विषयक्षेत्र मध्येबाट गर्नुपर्नेछ। (अनूसूची १)

देहायः-

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक तथा स्वरोजगारी सिर्जना गर्ने उद्यम विकास, उद्योग तथा आयोजना स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि, वन, कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सिंचाई | ५० | ५० |
| ४ | खानेपानी | ५० | ५० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ५० | ५० |
| ६ | तटबन्धन,नदी नियन्त्रण तथा भू-संरक्षण | ६० | ४० |
| ७ | पर्यटन पूर्वाधार निर्माण | - | - |
| | ७.१ पदमार्ग | ७० | ३० |
| | ७.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ७.३ सिंढी निर्माण | ६० | ४० |
| ८ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

६. आयोजना सिफारिस गरी पठाउँदा कार्यालयको पत्रसाथ CMEP Portal (cmep.karnali.gov.np) मार्फत अनिवार्य प्रविष्टि गरी पठाउनु पर्नेछ।

७. पारिश्रमिक तर्फको बजेट आयोजनामा काम गर्ने श्रमिक (बेरोजगार) हरुको व्यक्तिगत बैंक खातामा उनीहरुले काम गरेको पारिश्रमिक/ज्याला रकम अनिवार्य रुपमा जम्मा हुने प्रवन्ध मिलाउनु पर्नेछ।

८. स्थानीय तहले आयोजना प्रस्ताव गर्दा देहाय बमोजिमको ढाँचामा गर्ने।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२      फ्याक्स : ०८३-२५२६१८, ५२४७७४

Web : [illegible]